आज मिति २०८० साल पुष २९ गते आईतबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को १२ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य- उषा

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य- सुनिता

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

<u>आमन्त्रित</u> :

श्री विन्देश्वर यादव - लेखापाल -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. आ.व.२०८१/०८२ को आय व्ययको प्रक्षेपण सम्बन्धमा ।
३. श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।
४. एम्बुलेन्स ड्राइभरको करार सम्झौता सम्बन्धमा ।
५. निर्णय संशोधन सम्बन्धमा ।
६. सडक बोर्डबाट प्राप्त आयोजना कार्यान्वयन सम्बन्धमा ।
७. मूल्य समायोजन तथा आयोजना सम्पन्न गर्ने सम्बन्धमा ।
८. विभिन्न आयोजनाको अपुग रकम भुक्तानी सम्बन्धमा ।
९. १० वेडको अस्पतालको रकम भुक्तानी सम्बन्धमा ।
१०. LISA र FRA को नतिजा अनुमोदन सम्बन्धमा ।
११. बेरुजु संपरिक्षण समिति गठन सम्बन्धमा ।
१२. आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।
१३. आधारभुत स्वास्थ्य सेवाका लागि सूचीकृत थप औषधी तथा औषधीजन्य सामाग्रीहरु खरीद सम्बन्धमा |
१४. बैकल्पिक उर्जा सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/०९/११ गते बसेको आ.व. २०८०/०८१ को ११ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ अनुसार आ.व. २०८१/०८२ को लागि तपसिल बमोजिम आय व्ययको प्रक्षेपण गरिएको छ ।
तपसिल :

अनुसूची १
आय विवरण

| देवानगञ्ज गाउँपालिका कार्यालय, देवानगञ्ज, सुनसरीको आ.व. २०८१/०८२ को अनुमानित आय विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | प्राप्तिको स्रोत | अनुदानको प्रकार | रकम (रु.) |

| | | | |
|---|---|---|---|
| १ | संघीय सरकार | समानिकरण | १२,७७,१०,००० |
| २ | सघीय सरकार | राजश्व बाँडफाँड | १०,००,७७,८९० |
| ३ | संघीय सरकार | सशर्त अनुदान चालु | २१,६५,९०,००० |
| ४ | संघीय सरकार | सशर्त अनुदान पुजिगत | ७५,९०,००० |
| ५ | संघीय सरकार | समपुरक अनुदान | २,८६,००,००० |
| ६ | संघीय सरकार | विशेष अनुदान चालु | ६६,००,००० |
| ७ | प्रदेश सरकार | समानिकरण अनुदान | ८०,१२,४०० |
| ८ | प्रदेश सरकार | राजश्व बाँडफाँड | ४४,११,००० |
| ९ | प्रदेश सरकार | समपुरक अनुदान | १,४३,००,००० |
| १० | प्रदेश सरकार | सशर्त अनुदान पुजिगत | १९,८०,००० |
| ११ | प्रदेश सरकार | सशर्त अनुदान चालु | २२,२७,५०० |
| १२ | आन्तरिक आय | नियमित | १,५०,००,००० |
| | | **जम्मा** | ७३,३५,३७,५१४.१६ |

**देवानगञ्ज गाउँपालिका कार्यालय, देवानगञ्ज, सुनसरीको आ.व. २०८१/०८२ को अनुमानित व्याय विवरण**

| **क्र.सं.** | **प्राप्तिको स्रोत** | **अनुदानको प्रकार** | **चालु खर्च रकम (रु.)** | **पुँजिगत खर्च रकम (रु)** |
|---|---|---|---|---|
| १ | संघीय सरकार | सशर्त अनुदान चालु | २३,८२,४९,०००.०० | - |
| २ | संघीय सरकार | सशर्त अनुदान पुजिगत | - | ७५,९०,०००.०० |
| ३ | संघीय सरकार | समपुरक अनुदान | - | २,८६,००,०००.०० |
| ४ | संघीय सरकार | विशेष अनुदान चालु | ७२,६०,०००.०० | - |
| ५ | प्रदेश सरकार | समपुरक अनुदान | - | १,१०,००,०००.०० |
| ६ | प्रदेश सरकार | सशर्त अनुदान चालु | २२,२७,५००.०० | -. |
| ७ | प्रदेश सरकार | सशर्त अनुदान पुजिगत | - | १९,८०,०००.०० |
| ८ | देवानगञ्ज गा.पा. चालु | | १७,६०,००,०००.०० | - |
| ९ | देवानगञ्ज गा.पा. पुजिगत | | - | २६,०६,३१,०१४.१६ |
| | | **जम्मा** | ४२,३७,३६,५००.०० | ३०,९८,०१,०१४.१६ |
| | | **जम्मा बजेट** | ७३,३५,३७,५१४.१६ | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.६ मा निर्माण हुन लागेको फोचोदास आ.वि.को १६ कोठे पक्कि भवन ठेक्का प्रकृया अगाडी बढाउने तथा चालु आ.व.मा विनियोजित बजेटबाट निर्माण सम्पन्न हुन नसक्ने भएकोले आगामी आ.व. मा नपुग बजेट विनियोजन गर्नेगरी श्रोत सुनिश्चित गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८० श्रावण १४ गतेको पहिलो कार्यपालिका बैठकको निर्णय नं.८ अनुसार देवानगञ्ज गा.पा. को एम्बुलेन्स गाउँपालिका स्वास्थ्य शाखा मार्फत संचालन गर्ने र सो एम्बुलेन्सका चालक श्री रुपदेव मेहता सँग करार सम्झौता गरी सेवा निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८० कार्तिक १ गतेको छैठौं कार्यपालिका बैठकको निर्णय नं.८ को प्रस्तावमा देवानगञ्ज हाटप्लटको जग्गा सम्बन्धमा उल्लेख भएको तर निर्णय नं.८ (ख) मा देवानगञ्ज गा.वि.स. वडा नं. २ को कि नं. ४२ ज.वि.०-१-६ उल्लेख भएकोमा उक्त जग्गा देवानगञ्ज हाटप्लटको नभएको हुँदा सो निर्णय तत्काल कार्यान्वयन प्रकृया अगाडी नबढाउने र उक्त जग्गा खालि गराउन परे गाउँपालिका बाटै आवश्यक प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा सडक बोर्डबाट सडक मर्मत शिर्षकमा प्राप्त रकम तपसिल बमोजिम विनियोजन गर्ने र सो आयोजनामा गा.पा.बाट गर्नुपर्ने साझेदारीको २० प्रतिशत रकम समपुरक कोष शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

क) वडा नं.३ को कृष्ण मा.वि. देखि पूर्व वडा नं.६ तिर जाने बाटोमा माटो ग्राबेल गरी मर्मत गर्ने ।

ख) मुसहरी टोल देखि शिकारी टोल जोड्ने बाटो - १० लाख

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.४ मा निर्माणाधिन चन्देश्वर मेहताको घरदेखि दक्षिण यादव टोल महानन्द घर पूर्व पालटोल हुँदै उत्तर हुलाकी बाटो सम्म कालोपत्रे कार्य क्रमागत आयोजनाको मूल्य समायोजन गरि समपुरक कोष शिर्षकबाट भुक्तानी दिने तथा सोही शिर्षकबाट भुक्तानी हुनेगरी निर्माण सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा तपसिल बमोजिमका आयोजना बजेट विनियोजन गर्न छुट भएकोले उक्त आयोजनामा समपुरक कोष शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम |
|---|---|
| १ | श्री पशुपति विद्या मन्दिर विद्यालयको भवन निर्माण योजना । |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ मा संघीय सरकारको अनुदानबाट निर्माणाधिन १० बेडको अस्पतालको रकम प्रगतिको आधारमा प्रत्येक वर्ष जेठ महिनामा मात्र प्राप्त हुने गरेको हुँदा निर्माणाधिन अवस्थामा रहेको अस्पतालको रनिङ विलको रकम संघीय सरकारबाट प्राप्त भएपछि सोधभर्ना हुनेगरी गाउँपालिकाको समपुरक कोष शिर्षकबाट निरन्तर भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन (FRA) को नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने सर्वसम्मत निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको महालेखा परिक्षकको कार्यालयबाट भएको अन्तिम लेखा परिक्षणको क्रममा विभिन्न वर्षहरुमा देखिएका बेरुजु संपरिक्षण गर्नका लागि तपसिल बमोजिमको बेरुजु संपरिक्षण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

१) श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ - संयोजक
२) श्री राजराज पौडेल - प्र.प्र.अ. - सदस्य
३) श्री इन्द्र कुमार श्रेष्ठ - ले.अ. - सदस्य

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा तपसिल बमोजिमका आयोजनाहरु राष्ट्रिय योजना आयोग, संघीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायहरुमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) कृष्ण मा.वि. देखि पूर्व वडा नं.२, वडा नं.३ र वडा नं.६ जोड्ने बाटो - कालोपत्रे
२) वडा नं.२ प्रहरी थाना देखि दक्षिण मुसहरी टोल हुँदै मोती टापु जोड्ने बाटो हुँदै दक्षिण विन्देश्वर मेहताको घरसम्म - कालोपत्रे
३) वडा नं.१ को जनता मा.वि. को उत्तर पश्चिम हुँदै टावर हुँदै बुध नारायण मेहताको घर हुँदै ढेना शंख थान सम्म जोड्ने बाटो - कालोपत्रे

४) वडा नं.१ को हिरालाल यादवको घर देखि वडा नं.७ को स्वास्थ्य चौकी हुँदै हुलाकी राजमार्ग सम्म जोड्ने बाटो - कालोपत्रे

५) वडा नं.७ को साविक १ को सिताराम चौधरीको घरदेखि उत्तर गढी गा.पा. सिमाना सम्म जोड्ने बाटो - कालोपत्रे

६) वडा नं.७ को साविक १ को टेरीलाल उरावको घर देखि दक्षिण खोलाको पुलसम्म जोड्ने बाटो - कालोपत्रे

७) वडा नं.६ को जनता नि.मा.वि. पूर्व वडा नं.७ हुँदै वडा नं. ६ को अशोक मण्डलको घर हुँदै बुढी खोला सम्म बाटो ।

८) वडा नं.६ दमालाल सरदारको घरदेखि दक्षिण मनोज कामत हुँदै चौधरी टोल हुँदै, मुस्लिम टोल हुँदै वडा नं.५ को यादव टोल जोड्ने बाटो - कालोपत्रे

९) वडा नं.७ को दुर्गा मन्दिर तथा सामुदायिक भवन निर्माण ।

१०)वडा नं.२ को गा.पा. भवन छेउको दुर्गा मन्दिर निर्माण कार्य ।

११) वडा नं.४ मा बसपार्क निर्माण कार्य ।

१२)वडा नं. ४ को सरस्वती प्रा.वि. देखि पहलमान थान हुँदै साहेवगञ्जको हुलाकी बाटो जोड्ने कार्य ।

१३)वडा नं.४ को मण्डल टोल देखि वडा नं.६ को बरगाछी हुँदै चौधरी टोल जोड्ने बाटो - कालोपत्रे

१४) भेटरिनरी हस्पताल

१५)फोचोदास आ.वि. १६ कोठे भवन निर्माण आयोजना - रु. ३ करोड

१६)श्री सरस्वती आ.वि. भवन निर्माण आयोजना (देवानगञ्ज-७) - रु. ३ करोड

१७)वडा नं. २ को अगुल सेठको घरदेखि पूर्व राम प्रसाद मेहताको घर हुँदै विराटनगर देवानगञ्ज जाने बाटो ।

१८)वडा नं.२ को सामुदायिक भवनमा घेराबारा तथा तला थप आयोजना ।

१९)देवानगञ्ज बजार व्यवस्थापन आयोजना ।

२०)साविक देवानगञ्ज ७ को अधुरो हनुमान मन्दिर घेराबारा तथा मन्दिर निर्माण योजना ।

२१) आर्यघाट घेराबारा तथा निर्माण योजना

२२)वडा नं. ४ को कोल्डस्टोर मर्मत तथा संचालन योजना ।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा स्वास्थ्य सेवा एक संवेदनशील बिषय भएको र उक्त सेवाहरु नियमित र निर्वाध रुपमा संचालन हुन आवश्यक पर्ने सूचीकृत औषधी तथा

औषधीजन्य सामग्रीहरुको नियमित उपलब्धता सुनिश्चित गर्न यस देवानगन्ज गाउँपालिकाको जनसंख्या, रोगका किसिमहरु र रोगको भार साथै गत आ.व. मा भएको खर्च भएको परिमाण समेतलाई दृष्टिगत गरी चालु आ.व. ०८०/८१ को स्वास्थ्य तर्फको शसर्त बजेट शीर्षक "आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरीद" मा विनियोजित बजेट रु. १६,९२,०००|- (अक्षरेपी रुपैयाँ सोह्र लाख बयानब्बे हजार मात्र) बाट स्वास्थ्य कार्यालय सुनसरीबाट जारी गरिएको जिल्ला दर रेट अनुसारको लागत स्टिमेट गरी सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ को उपदफा १ को खण्ड 'क' २ र उक्त ऐनको दफा ९ एवम् सार्वजनिक खरीद नियमावली, २०६४ को नियम २१ र नियमावलीको अनुसूची ३ बमोजिम हुने गरी राष्ट्रिय स्तरको खुल्ला बोलपत्र आह्वान विधिबाट मिति २०८०/०६/१६ मा बोलपत्र आह्वान गरिए अनुसार DRM/MEDICINE/SUPPLY/NCB/ 01/080/081 (Medicine Supply for Dewanganj Rural Municipality office work) को लागि पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको मुल्यांकन समितिको मिति २०८०/०७/२१ को निर्णयानुसार सबैभन्दा कम दर रेट/ रकम कबोल गरी पर्न आएको बोलपत्र पेश गर्ने फर्म/कम्पनी RAM LAXMAN PHARMACY, Itahari-5, Sunsari संग खरीद गर्न निर्णय भई मिति २०८०-०८-१४ मा उक्त फर्म/ कम्पनी संग खरीद सम्झौता भई उक्त सम्झौताको बुँदा नं. ८ मा "यस कार्यालयलाई थप परिमाणमा औषधीहरु आवश्यक परेको अवस्थामा बोलपत्रमा कबोल गरेको औषधीको दररेट अनुसार नै उपलब्ध गराउनुपर्नेछ" भनी उल्लेख गरी सम्झौता भएको अनुसार नै बोलपत्रमा कबोल गरेको दर रेटमा नै थप आवश्यक हुने परिमाणमा सुचीकृत औषधीहरु तथा औषधीजन्य सामग्रीहरु खरीद गर्ने सर्वसम्मत निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस देवानगन्ज गाउँपालिकाबाट तपसिल बमोजिमका कार्यक्रमहरु बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र संग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) विद्युतीय चुलो - ८,००० थान

२) सुधारिएको चुलो - ३,००० थान

३) गोबरग्याँस प्लान्ट - १,००० प्लान्ट

मुनिता

१२ औं बैठकको प्रस्ताव नं. ५ को [illegible]

~~[illegible]~~